जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३३ अंक २६० २०८१ साल जेठ ९ गते बुधबार (22 May 2024 Wednesday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सगरमाथामा कीर्तिमान बनाउने... ३ पृष्ठमा : 'साइबर सुरक्षा पूर्वतयारी ... ३ पृष्ठमा प्रधानमन्त्री नेतान्याहुको...

## सर्वोच्च अदालतद्वारा लिखित जवाफ माग



**दैनिक समाचारदाता**
**काठमाडौं, ८ जेठ ।**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले दायर गरेको रिटमा पहिलो सुनुवाइ गर्दै सर्वोच्च अदालतले लिखित जवाफ माग गर्ने आदेश गरेको छ ।

अध्यक्ष यादवले जसपा विभाजन गरी नयाँ दल निर्माण गरेका अशोक राईलगायत ७ सांसदले वैधानिकता नपाएको भन्दै उनीहरूलाई विश्वासको मत लिने प्रक्रियामा सहभागी गराउन रोक्न माग गर्दै रिट दायर गरेका थिए । यादवले सोमबार प्रधानमन्त्रीले विश्वासको मत लिनुअघि रोक्न अन्तरिम आदेशको माग गरेको थिए । तर सोमबार सुनुवाइ गर्न नभ्याएपछि मंगलबारका लागि पेशी तोकिएको थियो ।

उनले यसअघि सर्वोच्च अदालतबाट दल विभाजनका विषयमा रिट दायर गरेको र उक्त रिटमा अन्तरिम आदेश जारी भएको भन्दै उनीहरूलाई सहभागी गराउनु असवैधानिक हुने दाबी गरेका थिए । तर प्रधानमन्त्री प्रचण्डले सोमबार नै विश्वासको मत प्राप्त गरिसकेका छन् ।

न्यायाधीश अब्दुल अजिज मुसलमानको एकल इजलासले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले लिएको विश्वासको मतमाथि प्रश्न उठाएको छ ।

मंगलबारको बहसका क्रममा यादवका कानुन व्यवसायीले प्रधानमन्त्रीले असंवैधानिक रूपमा विश्वासको मत लिएको भन्दै उक्त विश्वासको मत नै त्रुटिपूर्ण भएको जिकिर गरेका थिए ।

सर्वोच्चले हालका लागि अन्तरिम आदेश जारी गरेको छैन भने जनता समाजवादी पार्टी नामका संघीय संसदका सदस्यहरू संघीय संसदमा सहभागी हुन नपाउने भनी अन्तरिम आदेशको माग समेत जिकिर गरिएको भन्दै जेठ १४ गते पेशी तोकेर सुनुवाइ गर्न आदेशमा भनिएको छ ।

सर्वोच्चले उक्त दिन यसअघि दर्ता भएको दल विभाजनको रिटलाई समेत पेस गर्नु भनी सुनुवाइको मिति इजलासबाटै तोकेको छ । सर्वोच्चले उनीहरूलाई विश्वासको मत लिने प्रक्रियामा सहभागी गराउनुका कारणसहित लिखित जवाफ पेस गर्न र अर्को छलफलका उपस्थित हुन अदालतले भनेको छ । अर्को सुनुवाइ दुई न्यायाधीशको संयुक्त इजलासमा हुनेछ ।

## मधेस प्रदेशमा दुई लाख ५१ हजार परिवारले स्वास्थ्य बीमा गराए

जनकपुरधाम, ८ जेठ (रासस) ।

मधेस प्रदेशमा हालसम्म दुई लाख ५१ हजार एक सय ७२ परिवारले स्वास्थ्य बीमा गराएका छन् । मधेस प्रदेश स्वास्थ्य बीमा बोर्डको कार्यालयका अनुसार मधेस प्रदेशमा पछिल्लो केही समयदेखि क्रमिकरूपमा स्वास्थ्य बीमा गराउनेको सङ्ख्या बढ्दै गएको छ ।

सरकारी अस्पतालमा उपचार गराउँदा १० प्रतिशत तथा निजी अस्पतालमा उपचार गराउँदा २० प्रतिशत खर्च बिरामीले ब्यहोर्नुपर्ने तथा बाँकी रकम बीमा बोर्डले ब्यहोर्ने प्रावधान लागू भएपछि स्वास्थ्य बीमा गराउनेको सङ्ख्या बढेको सो बोर्डका मधेस प्रदेश संयोजक मनोज पौडेलले बताउनुभयो । उहाँका अनुसार सबैभन्दा बढी सिरहा जिल्लामा एक लाख २२ हजार दुई सय ७१, सर्लाही जिल्लामा ४० हजार छ सय ६८, सप्तरी जिल्लामा ९४ हजार २०, धनुषा जिल्लामा ५४ हजार नौ सय ६७, महोतरी जिल्लामा ४९ हजार दुईसय ५७, रौतहट जिल्लामा ८३ हजार ६ सय २२, बारा जिल्लामा ६८ हजार दुई सय ३८ तथा पर्सा जिल्लामा ९१ हजार ६ सय २४ परिवारले स्वास्थ्य बीमा गरेको जनाएको छ ।

स्वास्थ्य बीमामा सहभागी हुन पाँचजना सदस्य भएको परिवारले वार्षिक तीन हजार पाँच सय प्रिमियम रकम तिर्नुपर्छ भने पाँचजनाभन्दा बढी सदस्य बराबरको सात सयका दरले वार्षिक प्रिमियम बुझाउनुपर्नेछ ।

बीमित परिवारमा सदस्य बिरामी हुँदा एक लाख बराबरको उपचार शुल्क स्वास्थ्य बीमा बोर्डले अस्पताललाई भुक्तानी गर्दै आएको छ । कतिपय अस्पतालमा सरकारले बीमाबापतको रकम समयमा उपलब्ध नगराउँदा बीमा कार्यक्रम रोकिएको अस्पतालले जनाएका छन् ।

सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमअन्तर्गत रहेको सो बीमाका सम्बन्धमा स्वास्थ्य बीमा बोर्डको कार्यालयले बीमा दर्ता सहयोगीहरूका लागि पुन:ताजगी कार्यक्रम गरिरहेको पौडेलले जानकारी दिनुभयो ।

## कान्तिपुरका अध्यक्ष कैलाश सिरोहिया पक्राउ

**दैनिक समाचारदाता**
**काठमाडौं, ८ जेठ ।**

कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई मंगलबार प्रहरीले पक्राउ गरेको छ ।

उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले थापाथलीस्थित कान्तिपुर कार्यालयबाटै पक्राउ गरेको हो ।

नागरिकतासम्बन्धी कसुरमा अनुसन्धानका लागि सिरोहियालाई पक्राउ गर्न जिल्ला अदालत, धनुषाले मंगलबार अनुमति दिएको थियो ।

सिरोहियाविरुद्ध सर्लाहीका इन्द्रजित महतोले जिल्ला प्रहरी कार्यालय, धनुषामा १६ वैशाख २०८१ मा किटानी जाहेरी दिएका थिए ।

## मन्त्री सुडीसँग ९ वटा घर, झण्डै डेढ सय तोला सुन



**दैनिक समाचारदाता**
**राजविराज, ८ जेठ ।**

वन तथा वातावरण मन्त्री नवलकिशोर साह सुडीले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेका छन् ।

मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले प्रधानमन्त्रीसहित मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्दा जसपाका नेता समेत रहेका सुडीले आफूसँग १२ बोरको राइफल बन्दुक रहेको उल्लेख गरेका छन् ।

सम्पत्ति विवरणमा सुडीको ९ वटा घर रहेकोमा ५ वटा घर श्रीमती साबित्री देवी साह सुडीको नाममा, ३ वटा मन्त्री सुडीको आफ्नै नाममा र एउटा घर छोरा शैलेशकुमार साहको नाममा रहेको उल्लेख छ ।

मन्त्री सुडी र उनको परिवारको नाममा १५ ठाउँमा जग्गा छ । श्रीमती सुडीसँग ५६ तोला सुन र ६५० ग्राम चाँदी रहेको विवरणमा उल्लेख छ । ती सबै विवाह गर्दा ससुराली र बुबा आमाबाट उपहारस्वरुप प्राप्त भएको विवरणमा उल्लेख छ । जेठा छोरा सुमित कुमारसँग ३५ तोला सुन, माधवी भारतीसँग २२ तोला सुन, शालिनी देवीसँग १७ तोला र मंजु साहसँग २८ तोला सुन छ ।

मन्त्री सुडीको विभिन्न बैंकमा ४० लाख भन्दा बढी नगद मौज्दात पनि छ । परिवारका अन्य सदस्यका नाममा पनि बैंक मौज्दात छन् । जानकी फन पार्कमा मञ्जु साहको नाममा १ करोड २५ लाखको सेयर पनि रहेको सम्पत्ति विवरण उल्लेख छ ।

मन्त्री सुडी सप्तरी क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्यमा जसपा नेपालका तर्फबाट निर्वाचित भएका हुन् ।

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिकाको कार्यालय, सप्तरी**

## बालबालिकाप्रति अभिभावकको भूमिका

➢बालबालिकालाई निडर, सिपालु, सक्षम,योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौं,

➢बालबालिकाका लागि सुरक्षित एवं तनावरहित वातावरण श्रृजना गरौं,

➢उनीहरुलाई गाली गर्ने, डर देखाउने, अरुसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौं,

➢बालबालिकाको आत्मविश्वास र सृजनशील क्षमता बढाऔं,

➢उनीहरुलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं,

➢बालबालिकालाई अभिभावकसँग सुरक्षित रहेको अनुभुति गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# 'साइबर सुरक्षा पूर्वतयारी अभ्यास'

काठमाडौँ, ८ जेठ (रासस)।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले साइबर सुरक्षालाई थप व्यवस्थित गर्ने उद्देश्यले 'साइबर सुरक्षा पूर्वतयारी अभ्यास' गरेको छ। 'राष्ट्रिय साइबर डिल-२०२४' नाम दिइएको सो पूर्वतयारी अभ्यासमा संवेदनशील सूचना तथा प्रविधि पूर्वाधारमा कहीँकतैबाट अवान्छनीय गतिविधि भयो वा आक्रमण भयो भने त्यसलाई कसरी प्रतिक्रिया गर्ने वा कसरी सुरक्षित राख्ने भन्ने प्रकृतिको पूर्वतयारी अभ्यास गरिएको मन्त्रालयका उपसचिव तथा साइबर सुरक्षा शाखा प्रमुख राजकुमार महर्जनले जानकारी दिनुभयो।

सोमबार र मंगलबार दुई दिनसम्म सञ्चालन भएको सो अभ्यास एकीकृत डाटा व्यवस्थापन केन्द्रमा आयोजना गरिएको हो। राष्ट्रिय सूचना प्रविधि आकस्मिक सहायता समूह सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७५, ले गरेको व्यवस्थाअनुसार गठन गरिएको सूचना प्रविधि आकस्मिक सहायता समूहमा आवद्ध प्रतिनिधि अभ्यासमा सहभागी हुनुभएको थियो।

समूहमा अर्थ, गृह र शिक्षा मन्त्रालय, नेपाल प्रहरी, नेपाली सेना, नेपाल राष्ट्र बैंक, नेपाल दूरसञ्चार प्राधिकरणलगायत विभिन्न सम्बन्धित निकायका प्रतिनिधि हुनुहुन्छ। "राष्ट्रियस्तरमा साइबर सुरक्षासम्बन्धी विषयमा गरिएको एक प्रकारको पूर्वअभ्यास हो। जसरी विपत्सम्बन्धी विषयमा भूकम्प जाँदा वा आगालागी भयो भने के गर्ने भनेर पूर्व तयारी गरिन्छ, यो त्यस्तै प्रकृतिको पूर्व तयारी अभ्यास हो", उपसचिव तथा साइबर सुरक्षा शाखा प्रमुख महर्जनले भन्नुभयो।

कार्यक्रमको पहिलो दिन सैद्धान्तिक र दोस्रो दिनमा प्रयोगात्मक अभ्यास गरिएको थियो। पहिलो दिन साइबर सुरक्षाको विषयमा अवधारण लगायतका बिषयमा कक्षा सञ्चालन गरिएको थियो भने मंगलबार साइबर सुरक्षासम्बन्धी उपकरण र टेबल टप एक्ससाइजसम्बन्धी अभ्यास गरिएको थियो। उहाँले भन्नुभयो, "यो कार्यक्रम गर्नुको दुईवटा उद्देश्य रहेको छ, पहिलो भनेको कुनै पनि घटना हुनसक्छ भन्ने विषयमा हामी तयारी हुनुपर्छ, कस्ता-कस्ता घटना हुन्छन भन्नेबारेमा जानकारी हुन्छ, त्यस्ता घटना हुँदा कसरी प्रतिक्रिया गर्ने भन्ने हो, अर्को भनेको मन्त्रालयबीचमा साइबरसम्बन्धी कसरी समन्वय गर्ने भन्ने नै हो।"

राष्ट्रिय साइबर सुरक्षा नीति २०८० जारी गरी कार्यान्वयनमा रहेको छ। मन्त्रालयको साइबर सुरक्षा शाखाले आम जनतालाई सुसूचित गर्ने उद्देश्यले 'साइबर हाइजिन'सम्बन्धी तालिमसमेत सञ्चालन गर्दै आएको छ। सोही तालिम यही जेठ १३ गते मधेस प्रदेशमा सञ्चालन गर्ने मन्त्रालयको तयारी छ। मन्त्रालयले राष्ट्रिय साइबर सुरक्षा केन्द्र पनि स्थापना गरेको छ।

संक्षेपमा डिजिटल सूचना संरक्षणका लागि हुने वा हुनसक्ने आक्रमणको पहिचान गर्ने र त्यसको प्रतिरोध गर्ने प्रक्रिया नै साइबर सुरक्षा हो। सन् २००४ मा विश्वभर तीन दशमलव पाँच अर्ब अमेरिकी डलर हाराहारी रकम साइबर सुरक्षाका लागि खर्च भएको थियो। यस्तो खर्च सन् २०११ मा आइपुग्दा ६४ अर्ब अमेरिकी डलर पुगेको थियो। गतवर्ष २०२३ मा साइबर सुरक्षा खर्च दुई सय १९ अर्ब अमेरिकी डलरभन्दा बढी पुगेको आकलन इन्टरनेशनल डाटा कर्पोरेसनले गरेको छ।

# देशभर १४ प्रतिशत स्वास्थ्य उपकरण जडान भएनन्

काठमाडौँ, ८ जेठ (रासस)।

मुलुकका सङ्घीय अस्पतालमा आएका उपकरणमध्ये १४ प्रतिशत जडान नै नगरिएको पाइएको छ।

स्वास्थ्य सेवा विभागले लाइफलाइन इन्टरप्राइजेजसँगको सहकार्यमा गरेको 'नेपालका सार्वजनिक स्वास्थ्य संस्थामा बायोमेडिकल उपकरणको सर्वेक्षण' सार्वजनिक कार्यक्रममा इन्टरप्राइजेजका अध्यक्ष अञ्जली टिवरिवालले दुई हजार छ सय ४५ स्वास्थ्य उपकरण अझै जडान नगरिएको जानकारी दिनुभयो।

उहाँका अनुसार वागमती, कोशी, मधेस, गण्डकी र सुदूरपश्चिम प्रदेशका ११ अस्पतालमा गरिएको सर्वेक्षणमा एक हजार आठ सय २३ उपकरण बिग्रेका छन्। गत कात्तिकदेखि चैतसम्ममा ती अस्पतालमा १९ हजार एक सय ७४ उपकरणको अवस्थाका बारेमा सर्वेक्षण गरिएको थियो। सर्वेक्षणमा एक हजार ७४ उपकरण राम्रा रहे पनि प्रयोगमा नआएको देखिएको पाइएको सर्वेक्षणका बायोमेडिकल इन्जिनियर भाष्कर रिजालले जानकारी दिनुभयो।

"कोरोना भाइरसको बेला आएका उपकरण अहिले त्यत्तिकै थन्किएर रहेका छन्", उहाँले भन्नुभयो, "पहिला कोरोनाकालमा प्रयोग भएका ती उपकरण अहिले बिरामी नभएपछि त्यत्तिकै प्रयोगमा आएका छैनन्।" यस्तै, सर्वेक्षणमा ती अस्पतालमा रहेका तीन सिटी स्क्यान मेसिन बिग्रेर थन्किएका छन्।

बायोमेडिकल इन्जिनियर रिजालका अनुसार वीर अस्पताल, नेपाल सशस्त्र प्रहरी बल अस्पताल र कोशी अस्पतालमा रहेका सिटी स्क्यान मेसिन बिग्रेका छन्। ती सिटी स्क्यानका अधिकांशको चार्जर बोर्ड, ब्याट्री, टेबल बिग्रेको उहाँले बताउनुभयो। उहाँले कोशी अस्पतालको सिटी स्क्यान बनाउन धेरै नै खर्च लाग्ने भएकाले नबनाउन आग्रहसमेत गरिएको बताउनुभयो। "कोशी अस्पतालको सिटी स्क्यान पुरानो र मर्मत गरेर सञ्चालन गर्न धेरै खर्च लाग्ने भएकाले नबनाउन सुझाव दिएका छौँ", उहाँले भन्नुभयो, "वीर र नेपाल सशस्त्र प्रहरी बल अस्पतालको सिटी स्क्यान चलाएर बिरामीको उपचारमा प्रयोग गर्न सकिन्छ।"

वीर अस्पतालका निर्देशक डा सन्तोष पौडेलले अस्पतालमा बिग्रिएका स्वास्थ्य उपकरणको मर्मत गरेर सञ्चालन गर्नका लागि बायोमेडिकल इन्जिनियर नभएको बताउनुभयो। "हामीले पटक पटक बायोमेडिकल इन्जिनियर चाहियो भनेर सरकारलाई भनेको छौँ", उहाँले भन्नुभयो, "तर सरकारले अहिलेसम्म एकजना पनि बायोमेडिकल इन्जिनियर पठाउन सकेको छैन, अहिले हामीले बायोमेडिकल प्राविधिकको सहयोगमा स्वास्थ्य उपकरणको परीक्षण गरिरहेका छौँ।"

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा सङ्गीता मिश्राले सरकारले स्वास्थ्य उपकरणको मर्मतका लागि कम बजेट विनियोजन गर्ने भएकाले मर्मतमा समस्या भएको बताउनुभयो। उहाँले सातवटा प्रदेशमा स्वास्थ्य उपकरण मर्मतका लागि केन्द्र स्थापनाको तयारी भइरहेको जानकारी दिनुभयो।

विभागको व्यवस्थापन शाखाका निर्देशक डा श्रवण थापाले नचलेका ठाउँका उपकरण चलाउने ठाउँमा पठाउने काम भइरहेको बताउनुभयो।

# नीति तथा कार्यक्रममाथि शुक्रबार छलफल

काठमाडौँ, ८ जेठ (रासस)।

सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि प्रतिनिधिसभामा यही जेठ ११ गते छलफल हुने तय भएको छ। प्रतिनिधिसभाको मंगलबारको बैठकमा सभामुख देवराज घिमिरेले आर्थिक वर्ष २०८१/८२ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि छलफल गर्न र प्रधानमन्त्रीबाट जवाफ दिनका लागि यही जेठ ११ गतेको दिन तोकेको जानकारी गराउनुभयो।

दलीय प्रतिनिधिका आधारमा नीति तथा कार्यक्रमाथि छलफल हुने जनाउँदै उहाँले त्यसका लागि सम्बन्धित दलका पदाधिकारीले वक्ता सांसदको नाम बैठक प्रारम्भ हुनुअगावै कार्यव्यवस्था शाखामामा उपलब्ध गराउन आग्रह गर्नुभयो।

नीति तथा कार्यक्रममाथि संशोधन पेस गर्न चाहने सांसदले सोको सूचना यही जेठ ९ गते बिहान ११ देखि अपराह्न २ बजेसम्म कार्यव्यवस्था शाखामा उपलब्ध गराउनुपर्नेछ। राष्ट्रपति रामचन्द्र पौडेलले यही जेठ १ गते सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

अनुरोधकर्ता
राजगढ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश

## विश्व समाचार

# प्रधानमन्त्री नेतान्याहुको गिरफ्तारी आदेशको निन्दा

वासिङ्टन डिसी (अमेरिका), ८ जेठ (रासस/एएनआई)।

संयुक्त राज्य अमेरिकाको सांसदहरूले अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी)लाई इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूको गिरफ्तारी आदेश जारी गरेमा प्रतिबन्ध लगाउने विचार गरिरहेको अमेरिकी सदनका अध्यक्ष माइक जोनसनले बताउनुभयो। "ह्वाइट हाउस नेतृत्वको अनुपस्थितिमा कांग्रेसले आइसिसीलाई यस्तो कदम चाले यसको नेतृत्वले परिणाम भोग्नुपर्ने सुनिश्चित गर्दै प्रतिबन्धसहित सबै सजायका विकल्पहरूको समीक्षा गरिरहेको छ", अमेरिकी सदनका अध्यक्षले सोमबार एक विज्ञप्तिमा भन्नुभयो। "आइसिसीको इजरायल वा संयुक्त राज्य अमेरिकामा कुनै अधिकार छैन, र आजको आधारहीन र अवैध निर्णयले विश्वव्यापी निन्दाको सामना गर्नुपर्नेछ", उहाँले थप भन्नुभयो। आइसिसीका प्रमुख अभियोजक करिम एए खानले मे २० मा गाजामा हमासविरुद्ध इजरायलको सात महिना पुरानो युद्धका क्रममा मानवता बिरुद्ध अपराधको आरोपमा प्रधानमन्त्री नेतान्याहु र इजरायली रक्षामन्त्री योव गालान्ट साथै हमासका तीन शीर्ष नेता-याह्या सिनवर, मोहम्मद देइफ र इस्माइल हानियाह बिरुद्ध गिरफ्तारी आदेश आवेदन दायर गर्ने घोषणा गर्नुभएको थियो।

रिपब्लिकन सांसदहरूले सोमबार आइसिसीलाई प्रतिबन्ध लगाउन संयुक्त राज्यलाई आह्वान गरे। रिपब्लिकन सदन कन्फरेन्सकी अध्यक्ष एलिस स्टेफानिकले न्युयोर्क पोस्टलाई भन्नुभयो, "आइसिसी एउटा अवैध अदालत हो जसले कट्टरपन्थी आतङ्कवादी समूहसँग आफ्नो अस्तित्वको अधिकारको रक्षा गर्ने शान्तिपूर्ण राष्ट्रलाई फसाउने गर्दछ"। घोषणा पश्चात स्टेफानिकले सोमबार बिहान नेतान्याहुसँग भेट गर्नुभएको थियो। सदनका अल्पसङ्ख्यक नेता हाकिम जेफ्रीजले एक विज्ञप्तिमा आइसिसीको आदेशलाई "लाजमर्दो र अनुचित" भन्नुभएको छ। राज्य सचिव एन्टोनी ब्लिन्केनले इजरायल र हमास बीचको आइसिसी अभियोजक समानतालाई मौलिकरूपमा अस्वीकार गर्ने र यो घोषणाले बन्धक सम्झौता र युद्धविरामको वार्तासमेतलाई जोखिममा पार्न सक्नेमा जोड दिनुभयो। उहाँले संयुक्त राज्य अमेरिका वर्तमान द्वन्द्वभन्दा पहिले नै आइसिसीको यस मामिलामा कुनै क्षेत्राधिकार नभएकोमा स्पष्ट रहेको बताउनुभयो। ब्लिन्केनले भन्नुभयो, "आइसिसी अभियोजक आफैँ अर्को हप्ता इजरायलको भ्रमण गर्ने र इजरायली सरकारबाट अनुसन्धानबारे छलफल गर्ने कार्यक्रम तय गरिएको थियो।" घोषणाप्रति आफ्नो प्रतिक्रियामा, इजरायली प्रधानमन्त्री नेतान्याहूले भन्नुभयो, "हेगमा अभियोजकलेदिएको बेतुक र झुटो आदेश इजरायलका प्रधानमन्त्री र रक्षामन्त्रीका विरुद्ध मात्र नभई सम्पूर्ण इजरायल राज्यको विरुद्धमा निर्देशित छ। "यो आईडीएफका सैनिक विरुद्ध निर्देशित छ, जो हमासविरुद्ध वीरताका साथ लडिरहेका छन्", टाइम्स अफ इजरायलमा रिपोर्ट गरिएको भिडियो बयानमा उहाँले भन्नुभयो।

# इजरायल-हामास वार्ता पुनः सुरु गर्न राष्ट्रसंघीयका दूतको आह्वान

राष्ट्रसङ्घ, ८ वैशाख (रासस/सिन्हवा)।

मध्यपूर्व शान्ति प्रक्रियाका लागि संयुक्त राष्ट्रसङ्घीय विशेष संयोजक टोर वेन्नेसल्यान्डले इजरायल र हमासबीच पुन: वार्तासुरु गर्न आह्वान गर्नुभएको छ। सबै पक्षलाई वार्ताका प्रयास दोब्बर बनाई तुरुन्तै सद्भावका साथ टेबलमा फर्कनु वेन्नेसल्यान्डले संयुक्त राष्ट्र सुरक्षा परिषद्मार्फत आग्रह गर्नुभयो। तुरुन्तै वार्ता पुन:सुरु नभए राफाहका सङ्कटग्रस्त र निरिह नागरिकका लागि, दुई सय २५ दिनभन्दा बढी अकल्पनीय अवस्थाका बन्धक तथा गाजा पट्टीकिनारको विस्तारित मानवीय कारबाहीका लागि सबैभन्दा खराबीको डर रहेको उहाँले बताउनुभएको छ। दुई हप्ताअघि इजिप्ट, कतार र अमेरिकाको समर्थनमा मे-९ मा कायरोमा भएको वार्ता सहमति बिनै समाप्त भएको उहाँले उल्लेख गर्नुभयो।

"गाजाका सबै बन्धकको सुरक्षित रिहाइ गर्न सम्बन्धित पक्षबिचको वार्ता र नागरिकलाई आवश्यक राहत प्रदान गर्न युद्धबिरामको बिचमा गाजामा अर्को बिनाशको सामना गर्नुपरेको उहाँको भनाइ छ। यसैक्रममा वेन्नेसल्यान्डले मध्यस्थकर्तालाई राष्ट्रङ्घको पूर्णसमर्थन रहेको बताउदै इजरायल र हमासबीचको सम्झौता कार्यान्वयन समर्थन गर्ने आफ्नो इच्छालाई दोहोर्‍याउनुभयो। मे पहिलो हप्तादेखि, राफाह लगायत वरपर इजरायली सैन्य कारबाही र युद्धाभ्यास तीव्र भएपछि, राफाहमा सुरक्षा अवस्था बिग्रदै गएको वेन्नेसल्यान्डले उल्लेख गर्नुभएको छ। उहाँले राष्ट्रसङ्का महासचिव एन्टोनियो गुटेरेसलगायत अन्य अन्तर्राष्ट्रिय साझेदारसँग मिलेर नागरिकको विनाशकारी परिणामको स्पष्ट सङ्केतबीचमा राफाह सैन्य कारबाहीमा गम्भीर आपत्ति जनाउनुभएको थियो। राफाह र गाजाको जीवन बचाउन तत्काल सम्बोधन गर्नु प्राथमिकता हुनुपर्ने बताउदै उहाँले महासचिवको मानवीय युद्धविरामको आह्वानलाई पुन:ताजकी गर्नुभयो। यसै क्रममा तत्काल खतराले द्वन्द्वको समाधान गरी दीर्घकालीन शान्ति स्थिरताका लागि सम्भाव्यतालाई निम्त्याउने जोखिमको दृष्टि गुमाउनु नहुने उहाँले बताउनुभयो। गाजामा युद्धबिराम असफल भई रफाहमा ठूलो मात्रामा सैन्य कारबाहीले क्षेत्रीय तनाव बढाउने जोखिम बढेकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो। सात महिना लामो विनाश र दु:खले सत्यलाई बलियो बनाएको बताउदै प्यालेस्टिनी र इजरायलीले द्वन्द्व अन्त्य गरी दीगो शान्ति स्थापना गर्न व्यावहारिक राजनीतिक साझेदारी स्थापना गर्न अब पर्खन नसकिने उहाँले उल्लेख गर्नुभयो। दिनहुँको निष्क्रियताले घातक परिणामको अवस्था आएकोले अब प्यालेस्टिनी, इजरायली सुन्दर भविष्यको जग बसाल्ने समय आएको उहाँले बताउनुभयो।

# पर्साबाट फरार प्रतिवादी १५ वर्षपछि पक्राउ

**दैनिक समाचारदाता**
**पर्सा, ८ जेठ ।**

पर्साको वीरगञ्जस्थित जिल्ला प्रशासन कार्यालयका तत्कालीन शाखा अधिकृतको हत्यामा संलग्न आरोपीलाई प्रहरीले पक्राउ गरेको छ।

पर्साको सखुवा प्रसौनी गाउँपालिका वडा नम्बर-५ घर भएका प्रेम गिरीलाई शाखा अधिकृतको हत्या भएको १५ वर्षपछि पक्राउ गरिएको पर्साका एसपी कुमोध ढुङ्गेलले बताए ।

अहिले ७२ वर्षका आरोपीले तत्कालीन शाखा अधिकृत मोहनप्रसाद मैनालीलाई गोली हानेर हत्या गरेको प्रहरीको अनुसन्धान निष्कर्ष छ । २०६५ असोज २२ मा मैनालीको हत्यापछि उनी फरार थिए ।

२०५७ भदौमा पर्साको विन्दवासिनी गाविस-४ स्थित देवेन्द्रप्रसाद यादवको घरमा डकैती गरेर उनलाई गोली प्रहार गरेर हत्या गरेको घटनामा पनि गिरी संलग्न रहेको अनुसन्धानमा संलग्न अधिकृतहरू बताउँछन् ।

जिल्ला प्रशासन कार्यालय पर्सा र पुनरावेदन अदालत हेटौंडाको फैसला अनुसार उनी ३ वटा हातहतियार तथा खरखजाना मुद्दामा संलग्न थिए । २०५६ मा पर्सा प्रहरीले उनीविरुद्ध सार्वजनिक अपराध मुद्दामा कारवाही गरेको अपराध रेकर्ड भेटिएको छ ।

# देशभरिका १४ लाख भन्दा बढी बालबालिकालाई 'आइपिभि' खोप लगाइने

काठमाडौं, ८ जेठ (रासस) ।

यही जेठ १३ गतेदेखि देशभरिका बालबालिकाका लागि पोलियो रोगविरुद्धको खोप 'आइपिभि' अभियान सञ्चालन गर्दैछ ।

सरकारले यसअघि खोप लगाउन छुटेका देशभरिका १४ लाख ६२ हजार सात सय १२ जना बालबालिकालाई उक्त खोप लगाउने उद्देश्यसहित अभियान सञ्चालन गर्न लागेको हो ।

जनस्वास्थ्य कार्यालय, काठमाडौंले मंगलबार यहाँ आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा अभियानका क्रममा काठमाडौं जिल्लाका एक लाख २५ हजार एक सय १७ बालबालिकालाई खोप लगाइने जनस्वास्थ्य अधिकृत तुलसी सुवेदीले जानकारी दिनुभयो ।

उहाँले काठमाडौंमा एक हजार चार सय २१ विद्यालयका अतिरिक्त सात सय ८३ खोप केन्द्र स्थापना गरी खोप प्रदान गरिने र अभियानका लागि दुई सय ७८ स्वास्थ्यकर्मी र पाँच सय ५६ स्वयम्सेविका परिचालन गरिने बताउनुभयो ।

नेपालमा सन् २०१० देखि नै पोलियो रोग नदेखिए पनि छिमेकीमुलुक पाकिस्तान र अफगानिस्तानमा पोलियो रोगको सङ्क्रमण देखिएकाले खोप अभियान सञ्चालन गर्नुपरेको जनस्वास्थ्य अधिकृत सुवेदीको भनाइ छ । "नेपालबाट ती दुई देशमा आवतजावत भइरहने हुनाले यहाँ पनि सङ्क्रमणको जोखिम रहेको छ । त्यसैले जोखिमलाई मध्यनजर गरी खोप लगाउनुपर्ने अवस्था छ", उहाँले भन्नुभयो ।

त्यसक्रममा विसं २०७३ वैशाखदेखि २०७५ असोजसम्म जन्मिएका बालबालिकालाई खोप लगाइने छ । कार्यालय प्रमुख अर्जुनप्रसाद सापकोटाले त्यस अवधिमा विश्वबजारमा 'आइपिभि' खोपको अभाव रहेकाले बालबालिकालाई खोप लगाउन नपाइएकाले खोप प्रदान गर्न थालिएको जानकारी दिनुभयो । उहाँले खोप अभियान सञ्चालनका लागि स्वास्थ्यकर्मीलाई अभिमुखीकरण तालिमसमेत दिइएको छ । यही जेठ २६ गतेसम्म हुने खोप अभियानमा स्थानीय तहसँग पनि समन्वय गरिएको उहाँको भनाइ छ ।

खोप अभियानका लागि ग्लोबल एलाएन्स फर भ्याक्सिन एण्ड इमुनाइजेसन (गाभी)ले रु ३२ करोड बराबरको खोप उपलब्ध गराइसकेको छ । सरकारले सन् २०२६ सम्म पोलियो उन्मूलन गर्ने लक्ष्य राखेको छ ।

# एक सय सात किलो गाँजासहित कार चालक पक्राउ

**दैनिक समाचारदाता**
**महोत्तरी, ८ जेठ ।**

महोत्तरी प्रहरीले एक सय सात किलो गाँजासहित सोमबार एक कार चालकलाई पक्राउ गरेको छ।

सर्लाही जिल्ला पर्सा गाउँपालिका-१ का २० वर्षीय चन्दन यादव पक्राउ परेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सन्तुप्रसाद जैसवारले जानकारी दिएका छन् ।

बीआर ३० एएच २३८८ नम्बरको सेतो रङ्गको कारको डिक्कीमा गाँजा राखी बर्दिवास हुँदै सदरमुकाम जलेश्वरतिर आउँदै गर्दा औरही नगरपालिका-८ स्थित टिम्कियामा प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीलाई शङ्का लागि कार रोकेर जाँच गर्दा कारको डिक्कीभित्र २० वटा पोकामा एक सय सात किलो चार सय ८५ ग्राम लागुऔषध गाँजा लुकाइ राखेको अवस्थामा बरामद गरिएको थियो ।

बरामद गाँजालाई चालकसहित नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि सोमबारे महोत्तरी जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी आवश्यक अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

# मधेस सरकारको नेतृत्व परिवर्तन हुन्छ : अध्यक्ष नेपाल

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ८ जेठ ।**

पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले देशको बदलिँदो राजनीति परिस्थितिका कारण मधेस प्रदेश सरकारको नेतृत्व परिवर्तन हुने बताएका छन् ।

मंगलबार जनकपुरधाममा पत्रकारहरूसँग सङ्क्षिप्त कुरा गर्दै उहाँले सङ्घीय सरकारको स्वरुपमा भएको परिवर्तनअनुसार मधेस प्रदेशमा पनि सरकार परिवर्तन हुने बताएका हुन् ।

मुलुक सङ्घीय संरचनामा रहेकाले केन्द्रीय संरचनाअनुसार नै प्रदेश सरकारको संरचना बाध्य भएर बनाउनुपरेको नेता नेपालले बताए ।


## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**अनुरोधकर्ता : महादेवा गाउँपालिका, सप्तरी**



## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिकाको कार्यालय, सप्तरी**



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, विद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्दि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : तिरहुत गाउँपालिका, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*